“दिगो सहकारी विकासका लागि संघ”

# सहकार्य बुलेटिन

प्रकाशक: भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. वर्ष १५ अंक २१ चैत्र २०७९

## संघको १८ औं बार्षिक साधारण सभा

संघको १८औं बार्षिक साधारण सभा भक्तपुर बैंक्वेट, भक्तपुरमा २०७९ मंसिर १७ गते सम्पन्न भयो । सभाका प्रमुख अतिथि राष्ट्रिय सहकारी महासंघ नेपालका अध्यक्ष मिनराज कँडेलले सभाको उद्घाटन गर्दै समुदायमा आधारित सहकारी संस्थामा तरलता संकट नभएको तर गैर समुदायमा आधारित निजी व्यवसायको रुपमा चलेका डंगालले सहकारीमा कमजोर वित्तीय सुशासन र सन्दर्भ व्याजदरका कारणले तरलता संकटको सामना गर्नु परेको विचार राख्नुभयो । जिल्ला सहकारी संघ, भक्तपुरका अध्यक्ष केदार खड्काले सहकारी प्रवर्द्धन कोष संचालनमा ल्याउनु पर्नेमा जोड दिदै हालको समस्यासंग प्रतिस्पर्धा गर्न संघहरु बिच एकताको खाँचो रहेको विचार व्यक्त गर्नुभयो । संघका निवर्तमान




संस्थामा तरलता संकट रहेको बताउनुभयो । अतिथि नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघका उपाध्यक्ष शान्ति अधिकारीले संघहरुको सबलीकरणको लागि संस्थागत शुद्धिकरण आवश्यक रहेको बताउँदै बचत तथा ऋण सहकारीमा देखिएको समस्या समाधानको लागि सहकारीमा साकोस ऐनको आवश्यकता रहेको विचार व्यक्त गर्नुभयो । अतिथि नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघका पूर्व अध्यक्ष कैलाशभक्त प्रधानाङ्गले सहकारीमा जस्तो ठुलो संगठन नेपालमा अरु संगठन छैन तर सहकारीमा राजनीतिक विभाजनले गर्दा सहकारी अभियान कमजोर रहेको विचार व्यक्त गर्नुभयो । बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघका लेखा सुपरिवेक्षण समितिका संयोजक केशव अध्यक्ष राधेश्याम सुवालले हालको तरलता संकटको स्थायी समाधानको लागि सदस्य संस्थाहरुको सहभागितामा तरलता व्यवस्थापन कोष खडा गर्नुपर्ने विचार राख्नुभयो । सभाको सभापतित्व गर्दै संघका अध्यक्ष कृष्ण गोविन्द लाखाजुले हालको सहकारीको विकृतिमा राज्यले ध्यान नदिएको अवस्थामा प्रारम्भिक संस्थाहरुले सहकारी अभियानको भुमिका खोजेको बताउनुभयो । उहाँले सहकारी ऐन कानुन अन्तर्गत मात्र सहकारी संचालन भएको भए हालको समस्या नै नआउने प्रष्ट पार्दै सहकारी ऐन कानुनको परिपालना गर्न र गराउन सम्बद्ध पक्षहरु लाग्नुपर्ने विचार राख्नुभयो । संघका उपाध्यक्ष हरी बल्लले स्वागत मन्तव्य दिदै सहकारी

बाँकी पेज नं. ६ मा

## आन्तरिक लेखापरीक्षण तालिम सम्पन्न




२०७९ फाल्गुण २७ गते, संघको तालिम व्यवस्थापन उपसमितिको आयोजनामा भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.को तालिम हल, भक्तपुरमा दुई दिवसिय आन्तरिक लेखापरीक्षण तालिम सम्पन्न भयो ।

संघका अध्यक्ष कृष्ण गोविन्द लाखाजुले सहकारी ऐनमै लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारको व्यवस्थामा लेखा सुपरिवेक्षण समितिले आन्तरिक लेखापरीक्षण गर्ने वा गराउन सक्ने व्यवस्था रहेको बताउनुभयो । लेखा सुपरिवेक्षण समितिबाट वा लेखापरीक्षकबाट नियमित आन्तरिक लेखापरीक्षण गराएमा आन्तरिक कारणले उत्पन्न हुने समस्याहरु समयमै निराकरण भई संस्था सुशासन, नीति, विधि र प्रविधिमा संचालनमा टेवा पुग्ने बताउनुभयो । उहाँले सम्पत्ति शुद्धिकरण निवारणको प्रभावकारी कार्यान्वयनको नाउँमा सहकारी ऐन संशोधन प्रस्तावमा २५ लाखको व्यक्तिगत सिमा तोक्ने प्रस्ताव गलत रहेको बताउनुभयो ।

संघका संचालक एवं उपसमितिका संयोजक इन्द्र प्रसाद व्यान्जुले आन्तरिक लेखापरीक्षण कार्यमा संस्थालाई टेवा पुगोस् भने उद्देश्यले तालिमको आयोजना गरेको वताउनुभयो । उहाँले संस्थाको लेखा सुपरिवेक्षण समितिले आन्तरिक सुशासन कायम गराउन ध्यान दिनुपर्ने बताउनुभयो ।

व्यवस्थापक बालकृष्ण धोजुले सहकारीमा देखिएको हालको समस्या समाधान गर्न सहकारी आफ्नै सदस्य माझ गई विश्वासको वातावरण बनाउनुपर्ने विचार राख्नुभयो । उहाँले सहकारीका कर्मचारीहरुले सहकारीको विनियम, ऐन कानुनको अक्षरस पालना र सो विपरित कार्य भएमा सचेत र विरोध जनाई सदस्यको बचत सुरक्षामा भुमिका खेल्नुपर्ने विचार राख्नुभयो । सि.ए.विजय सुकुपायोले सहजिकरण गर्दै सम्भावित जोखिमबाट बच्न र बचाउन आन्तरिक लेखापरीक्षण महत्वपूर्ण रहेकोले सिकेका कुराहरुको व्यवहारिक प्रयोगले मात्र तालिमले सार्थकता पाउने बताउनुभयो ।

तालिममा सहभागीहरुले धेरै कुराहरु सिक्न पाएकोमा खुशी व्यक्त गर्दै तालिमबाट लेखा परिक्षणका क्षेत्र, उपाय र जोखिम न्यूनीकरण लगाएतका विषयहरु सिकेको बताउनुभयो । तालिममा संघमा आबद्ध सदस्य संस्थाहरु मध्येबाट ३२ जना लेखा सुपरिवेक्षण समितिबाट तथा कर्मचारीहरुको सहभागिता रहयो ।

# सम्पादकीय

## अर्थतन्त्रको एक खम्बा सहकारी

नेपालको संविधान, २०७२ मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यले आर्थिक उद्देश्य तय गरेको छ ।

सहकारीको ६६ बर्ष लामो इतिहासमा विभागको तथ्याङ्क अनुसार कुलवित्तीय क्षेत्रमा सहकारीको योगदान झण्डै २१ प्रतिशत पुगेको छ । यस क्षेत्रले करिब ९० हजार जनशक्तिलाई प्रत्यक्ष रोजगारी उपलब्ध गराउनुको साथै अप्रत्यक्षरुपमा विभिन्न पेशा, उद्योग, व्यापार, सेवा र व्यवसायमार्फत लाखौं व्यक्तिहरुलाई रोजगारी दिने र बैदेशिक रोजगारीमा समेत पहुँच विस्तार गर्ने काम गरेको छ । सहकारीमा ७३ लाखभन्दा बढी व्यक्तिहरु आबद्ध रहेको र संख्यात्मक तथा क्षेत्रगत रुपमा देशको ठूलो संजालको रुपमा स्थापित भएको छ ।

सहकारीको योगदानलाई छायाँ पार्ने गरी सहकारीमा देखिएको विकृती विसंगती पटकपटक सडकमा देखिए । सहकारीको नाममा ठगीका समाचारहरु श्रृखंलाबद्ध ढंगबाट समाचारहरु सम्प्रेषण भइरहेको छ । ठगी गर्ने प्रवृतिलाई समयमा रोक्न प्रयास नहुँदा सहकारी क्षेत्रमा विश्वासको दुरी बढ्दै गएको छ । तर सरकार मुकदर्शक बनेको छ । देशको अर्थतन्त्रको खम्बा सहकारीमाथि प्रहार भइरहँदा पनि सरकार कानमा तेल हाल्दै बसेको छ । संघीय राज्यमा तीन वटै सरकारको अधिकार क्षेत्रमा राखी महत्व दिएको छ । तर राम्रो भएसम्म मेरो र विग्रे पछि तिम्रो भन्ने उखानलाई चरितार्थ पार्ने काम भइरहेकोछ ।

सहकारीको समस्या समाधान गर्ने नाममा सहकारी सिध्याउने नीतिगत व्यवस्थामा सरकार तल्लीन हुनु राम्रो होइन । संविधानविपरित सहकारी ऐनमा व्यक्तिको मौलिक हक हनन् हुने गरी एक व्यक्तिले एक सहकारीमा मात्र सदस्य हुन पाउने व्यवस्थालाई मलजल गरेको छ । हालै सम्पत्ती शुद्धिकरण निवारणको प्रभावकारी कार्यान्वयनको लागि सहकारी ऐन, २०७४ संशोधनमार्फत व्यक्तिको बचत सिमा तोक्ने प्रस्तावले त सहकारीलाई ब्रेक लगाउने काम भएको छ । सहकारीमा २५ लाखको व्यक्तिगत बचतको सिमा तोक्ने प्रस्तावले संविधानको नै धज्जी उदाएको छ । अर्थतन्त्रको एक खम्बालाई ढाल्न खोजिएको र सहकारीको प्रगतिलाई रोक्न खोजेको देखिन्छ ।

नेपालको लामो सहकारी इतिहास छ । असल अभ्यासले भरि पूर्ण छ । संविधानले कल्पना गरेजस्तै सहकारीमार्फत देशको अर्थतन्त्र विकासका अथाह अवसर र सम्भावना छन् । सरकार सहकारीलाई उपेक्षा गर्दै कमजोर मानसिकताको शिकार बनाउनु हुँदैन । सरकार सहकारीका समस्या तथा चुनौतीबाट भाग्न मिल्दैन । सहकारी अभियान र सरकार एकजुट भई समस्यालाई अवसरको रुपमा लिन सक्ने सकारात्मक सोचको आवश्यक छ ।

## कर तथा कोष व्यवस्थापन तालिम सम्पन्न




२०७९ माघ ९ गते संघको तालिम व्यवस्थापन उपसमितिको आयोजनामा कर तथा कोष व्यवस्थापन तालिम इन्द्रायणी बुटिक होटल एण्ड क्याफेमा सम्पन्न भयो । संघका अध्यक्ष कृष्ण गोविन्द लाखाजुले संघ अभियानलाई बलियो बनाउन सदस्य संस्थाहरुले नियम र आचांरसहिता लागु गर्नुपर्ने विचार राख्दै सहकारी ऐन कानुनको परिपालना नगर्ने सहकारी संस्थाहरुका कारण असल संस्थाहरुमा पनि समस्या देखापरेको बताउनुभयो ।

तालिम व्यवस्थापन उपसमितिका संयोजक एवंम् सञ्चालक सदस्य इन्द्र प्रसाद ब्यान्जुले तालिमको उपयोग संस्थामा गर्नुपर्ने र सिकेका कुराहरु सिकाई हस्तान्तरण गर्दै जानुपर्ने बताउनुभयो । संघका व्यवस्थापक बालकृष्ण धोजुले कोषको व्यवस्थापन बारे बताउँदै सहकारी ऐन, २०७४ र नियमावली, २०७५ को व्यवस्था अनुसार कोषहरु बाँडफाँड गर्नुपर्ने र खर्च भएर जाने कोषहरु र नजाने कोषहरुको बारेमा सहजीकरण गर्नुभयो ।

सहजकर्ता सिए विजय सुकुपायाले कर कट्टी, इ टिडिस, इफिलिङ, अग्रिम कर दाखिला, अग्रिम करकट्टी लगाएतका विषयमा सहजीकरण गर्नुभयो । साथै उहाँले कर भुक्तानी अनलाईन प्रणालीबाट गर्ने तरिका पनि सिकाउँदै करको व्यवस्थाहरुबारे सहजीकरण गर्नुभयो। संघमा आबद्ध संस्थाहरुमध्ये ३५ संस्थाबाट ३९ जनाको सहभागिता रहेको सो तालिमको समापन कार्यक्रममा उद्घोषण संघका कर्मचारी रोकेश जोशीले गर्नुभयो ।

## सहकारी अध्ययन तथा अवलोकन भ्रमण



मिति २०७९ चैत्र २ देखि ४ गतेसम्म मोरङ्ग, सुनसरी जिल्ला बचत तथा ऋण सहकारी संघ लि. र किसान कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि. को अध्ययन तथा अवलोकन भ्रमण गरियो । सो भ्रमणमा संघको धारणासहित सहकारीको तहगत संरचना, अग्रिम व्याज कर कट्टी फिर्ता हुनुपर्ने, नेफस्कुन र जिल्ला संघ साझेदारी, पचिस लाखको व्यक्तिगत बचत सिमा तोक्न नहुने लगाएतको विषयहरुमा अन्तरक्रिया गरियो ।

## समस्या समाधानमा सदस्यको सम्बन्धले महत्वपूर्ण भुमिका खेल्ने

२०७९ माघ २१ गते, संघको चाँगुनारायण नगर सहकारी उपसमितिको आयोजनामा सदस्य सम्बन्ध तालिम भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.को तालिम हलमा सम्पन्न भयो । संघका अध्यक्ष कृष्ण गोविन्द लाखाजुले संस्थामा सदस्यको राम्रो सम्बन्धले मात्र संस्था सफल हुने भएकोले सदस्य सन्तुष्टिलाई विशेष ध्यान दिनुपर्ने विचार राख्नुभयो । सदस्यको समस्या समाधानले सदस्यसंगको सम्बन्ध मजबुत हुने बताउँदै हालको समस्या समाधानमा सदस्य र संस्थाको सम्बन्धले महत्वपुर्ण भुमिका खेल्ने बताउनुभयो ।
संघका संचालक एवं उपसमितिका संयोजक सन्तोषी खतिवडाले तालिमले



सहकारीमा सदस्यको सम्बन्ध प्रभावकारी व्यवस्थापनमा टेवा पुऱ्याउने उद्देश्यले तालिमको आयोजना गरेको बताउनुभयो । उहाँले तालिमले धारणा, ज्ञान सिपलाई परिवर्तन ल्याई क्षमता अभिवृद्धि गर्ने भएकोले तालिम तथा सिकाईलाई निरन्तरता दिनुपर्ने विचार राख्नुभयो । संघका व्यवस्थापक बालकृष्ण धोजुले प्रभावकारी सदस्य सम्बन्धको व्यवस्थापन हुन नसक्दा हाल सहकारीमा समस्या तथा चुनौती बढी रहेको बताउनुभयो । उहाँले सदस्यको राम्रो सम्बन्धले मात्र सहकारीका समस्या समाधान गर्न सक्ने बताउनुभयो ।

नेफ्स्कूनका कवि न्यौपानेले सहकारीमा सदस्य सम्बन्धको महत्व, सम्बन्ध विकासका चरण, उत्कृष्ट सेवा प्रवाहका तरिका, सदस्यसंग गर्ने व्यवहार लगायतका विषयमा सहजीकरण गर्नुभयो । उहाँले तालिमबाट सिकेका कुराहरु व्यवहारमा प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो । संघमा आबद्ध संस्थाहरुमध्ये ३४ जनाको सहभागिता रहेको थियो । तालिमको समापन कार्यक्रमको संचालन संघका कर्मचारी रोकेश जोशीले गर्नुभएको थियो ।

राष्ट्रिय सहकारी महासंघको अनुगमन टोलीबाट जिल्ला संघको अनुगमन




## वित्तीय व्यवस्थापन तालिम सम्पन्न

२०७९ पुष १७ गते, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को संस्थागत विकास उपसमितिको आयोजनामा वित्तीय व्यवस्थापन तालिम भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. को तालिम हलमा सम्पन्न भयो । संघका अध्यक्ष कृष्ण गोविन्द लाखाजुले हाल सहकारी संस्थामा वित्तीय अनुशासन परिपालनाको अभावले सहकारी संस्थामा समस्या देखिएको बतउनुभयो । वित्तीय व्यवस्थापनको ज्ञानको अभावमा सहकारी संस्थाहरु समस्यामा पर्ने भएकोले सहकारीका संचालक तथा व्यवस्थापकमा वित्तीय व्यवस्थापनको ज्ञान हुनु अति जरुरी रहेको आवश्यकता औंल्याउनुभयो । संघले मुख्यतया शिक्षा तालिम, लविङ र अन्तरलगानी सेवालाई निरन्तर जोड दिदैं आएको र सोही अनुसार सदस्य संस्थाको वित्तीय व्यवस्थापनमा टेवा पुऱ्याउने उद्देश्यले तालिम संचालन गरेको बताउनुभयो ।

संघका सचिव एवं उपसमितिका संयोजक जगनाथ प्रजापतिले तालिमले सहकारीको वित्तीय व्यवस्थापनका लागि सहयोग गर्ने विश्वास राख्दै सिकेका ज्ञानहरु व्यवहारमा प्रयोग गरे मात्र तालिमले सार्थकता पाउने राख्नुभयो । संघका व्यवस्थापक बालकृष्ण धोजुले वित्तीय व्यवस्थापन गर्न नजाँदा सहकारीमा तरलता सकसको चपेटामा रहने बताउनुभयो । उहाँले सहकारी संचालन प्रक्रियाबारे सदस्यलाई शिक्षित गर्न नसक्सदा सहकारीको नकारात्मक सन्देशले सहकारीमा वित्तीय व्यवस्थापनमा थप चुनौतीको सामना गर्नुपर्ने बताउनुभयो ।

वागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.का प्रमुख कार्यकारी अधिकृत केशव दाहालले तालिमको पहिलो दिन वित्तीय व्यवस्थापन अन्तर्गत वासलात व्यवस्थापनको बारेमा सहजीकरण गर्नुभयो । तालिमको दोस्रो दिन सहजकर्ता कृष्ण प्रसाद अचार्यले सहकारीको आय व्यय व्यवस्थापनको बारेमा सहजीकरण गर्नुभएको थियो । उहाँले भक्तपुर जिल्ला सहकारी अभियानको नमुना जिल्ला रहेको बताउदै संघको निरन्तर शिक्षा तालिमले सहकारीको शुद्धीकरण अभियानमा टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

संघमा आबद्ध संस्थाहरु मध्येबाट २२ जनाको सहभागिता रहेको सो तालिममा सहभागी सिता पाण्डे र दिपक श्रेष्ठद्धयले तालिम निकै प्रभावकारी रहेको बताउँदै तालिमबाट सहकारीको सम्पत्ती दायित्व व्यवस्थापन देखि व्याजदर निर्धारण, बेसरेट क्यालकुलेशन लगायतको व्यवहारिक र उपयोगी बिषयमा सिक्न पाएकोमा खुशी व्यक्त गर्नुभयो । तालिम समापन कार्यक्रमको संचालन संघका कर्मचारी श्रृजना तमखुले गर्नुभएको थियो ।



# संघमा प्राप्त सदस्य संस्थाहरुको आ.व. २०७८/७९ असार मसान्तसम्मको स्थिति विवरण र सदस्य तथा कर्मचारी विवरण

(रू. हजारमा)

| क्र.स. | संस्थाका नाम | कूल पुजी/ दायित्व | शेयर पुँजी | जगेडा/ कोष | बाह्य ऋण | कूल बचत | भुक्तानी दिनुपर्ने | कूल सम्पत्ति | नगद/ बैक | शेयर/अन्य लगानी | ऋण लगानी | स्थिर सम्पत्ती | पाउनुपर्ने हिसाव | सदस्य संख्या | कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भक्तपुर नगरपालिका | | | | | | | | |
| १ | सिद्धि गणेश | २५५२९७६ | २६७५०१ | २४२२९१ | | १९१६३५६ | १२६८२८ | २५५२९७६ | १९०२३७ | ४०४८१८ | १८९३२३४ | १९६८९ | ४४९९८ | १५८०४ | ३२ |
| २ | भक्तपुर | ३४४७९३३ | १५०५३५ | २१६०७९ | १००००० | २८२३६२४ | १५७६९६ | ३४४७९३३ | ४०२६४९ | ९०४ | २९१८८२१ | ७१७४६ | ५३८१४ | ८०४६ | २४ |
| ३ | मित्र | ७७४६४ | ५४६५ | ३०६२ | | ६५९८८ | २९४९ | ७७४६४ | २७१६ | १०४६६ | ६२९१२ | ९८ | १२७२ | ३९७ | २ |
| ४ | बाराही | ८९६१३७ | ७३१७८ | ७१९२९ | ३६००० | ६५१७३८ | ६३२९३ | ८९६१३७ | ८९६९७ | १५५६७६ | ५९९९०० | २५८४४ | २५०२० | ५३४६ | १४ |
| ५ | नारी कल्याण | १००३९८ | १२७८४ | ८४१९ | ११३९६ | ६२६४१ | ५१५८ | १००३९८ | १३८११ | ५०२२ | ७२७९९ | ५७८८ | २९७८ | १६१८ | ७ |
| ६ | श्रमजिवी | ६५४२७८ | ४१५१९ | ५७४३६ | | ५३५९९५ | १९३२८ | ६५४२७८ | ८४३७८ | ११४४ | ५५४०९५ | १२१७७ | २४८५ | २९७२ | १० |
| ७ | सामुहिक | ७१५१४२ | ६८९७९ | ५६८२० | ५५१०२ | ५०७५५२ | २६६९० | ७१५१४२ | ९७२९७ | १७०३३ | ५८००७१ | १७८८० | २८६१ | ५८१४ | २० |
| ८ | भिन्तुना | ३३४०४३ | ३००२३ | ३३३१० | | २५१०७९ | १९६३१ | ३३४०४३ | ७६८१२ | १८८० | २४४४८६ | ३९९४ | ६८७१ | २२४० | ७ |
| ९ | नारी सेवा | ७६७७९ | ११०८४ | ३८३३ | ९००० | ५२५५२ | ३१० | ७६७७९ | ५९०१ | ३७४८ | ५७३१२ | १४२९ | ८३८९ | २१३१ | ४ |
| १० | समदर्शी | २९८१२४ | २४७४२ | २३२५३ | २८५०० | २१९६८१ | १९४८ | २९८१२४ | ३४५२४ | २२२४५ | २२१२६५ | १८०४५ | २०४५ | २२४६ | ८ |
| ११ | भक्तपुर महिला | ८७१२३ | ८१६२ | ६९०२ | ११००० | ५८२८४ | २७७६ | ८७१२३ | ९०५१ | ११५३ | ७०६९३ | १७९ | ६०४७ | ६८२ | ४ |
| १२ | संगम | ५७९२७७ | ३७७४९ | ३८९७८ | ६६७६७ | ४२१५१८ | १४२६६ | ५७९२७७ | २३८७७ | ६५२०६ | ४१५९९४ | ६६९३९ | ७२६१ | ३३२० | १२ |
| १३ | थालाछेँ | १०७३७१ | ६७८९ | ५०१२ | १६२०० | ७६१६५ | ३२०६ | १०७३७१ | ३३१८ | ६५३ | ८८८२९ | ३६० | १४२१२ | ८९५ | ४ |
| १४ | भद्रकाली | ५१९४२ | ६४२८ | २६१३ | ६००० | ३२६०२ | ४२९८ | ५१९४२ | ३२०७ | २५७२ | ४१०५९ | ११०५ | ३९९९ | ४८३ | २ |
| १५ | आस्था | ३४२३० | ९२५६ | ६२९ | | २३१२७ | १२१८ | ३४२३० | २५६९ | १२६९ | २८१५१ | ९८६ | १२५५ | १०५९ | ५ |
| १६ | लसकुस | २५४५१ | ४०१९ | २२८८ | | १८२२९ | ९१४ | २५४५१ | २५४२ | २०९२ | २०४५२ | १२२ | २४२ | ६१६ | ३ |
| १७ | चण्डेश्वरी अजिमा | १०८३६१ | ९६४५ | ३०२६ | ६००० | ८६३२७ | ३३६४ | १०८३६१ | ९७३२ | ३३० | ६६३६५ | ३१७७८ | १५७ | १२०१ | ६ |
| १८ | सहलह | ७६६०४ | ५९५८ | ३६४९ | ५००० | ५८५४८ | ३४४९ | ७६६०४ | ९२५५ | २०१ | ६६७१५ | २५५ | १७८ | ७६४ | ३ |
| १९ | लोकेश्वर | १८२८७७ | १२७६८ | १७८०२ | | १४८२४९ | ४०५७ | १८२८७७ | २२५७४ | १५१८० | १४१२३७ | २५३४ | १३५३ | १८४४ | ६ |
| २० | ख्वप | १६४५२८ | १४००४ | ५७३३ | ५००० | १३९१०७ | ६८४ | १६४५२८ | ७२११ | ६१६४ | १४४०२३ | ६३२५ | ८०५ | १६९१ | ६ |
| २१ | भक्तपुर श्रमिक | १३४३३९ | १४००० | ११५११ | | १०६०१९ | २८०९ | १३४३३९ | १२०६८ | १२८ | १२०५३८ | १८० | १४२५ | ४३४ | ३ |
| २२ | नभकुमारी | ४००१७ | ३६७६ | ७६० | १६०५६ | १८४५२ | १०७२ | ४००१७ | ४३५५ | | ३३९७३ | ४१८ | १२७१ | २६० | ८ |
| २३ | मयुर झ्याल | ११३०८३ | ३३६४ | ८८८ | | १०३९७९ | ४८५२ | ११३०८३ | १११०२ | १७२४३ | ७९९०१ | ४७३ | ४३६५ | ५३० | १३ |
| २४ | तलेजू | ७०८८२ | ७४३४ | ५०९८ | | ५५०४० | ३३१० | ७०८८२ | ८४५६ | ५२८४ | ५३३५१ | १८९१ | १८९९ | ६८३ | ४ |
| २५ | महेश्वरी | ११४५०१ | १७९२४ | ७५०५ | | ८२४५२ | ६६१९ | ११४५०१ | १३७२४ | ७१३ | ९७८४० | ४१६ | १८०७ | ११६४ | ५ |
| २६ | झीगु ख्वप | १३००५८ | १०३०५ | १२५११ | ६००० | ९४९४३ | ६२९९ | १३००५८ | १०६८० | ४७४८ | १०८१६३ | ३४३० | ३०३७ | १४८६ | ४ |
| २७ | बेखाल | ६४९०८ | ४४२७ | ४९१० | | ५४३८२ | ११८९ | ६४९०८ | ४५८४ | ९५७४ | ४९८३६ | १३७ | ७७८ | ७३५ | ४ |
| २८ | सृजनानगर | २५३६४ | ३२७६ | १९०३ | | १८५१३ | १६७२ | २५३६४ | १४०९ | ६५१ | २१९६० | १३८ | १२०५ | ३९७ | २ |
| २९ | नवयुग | १०२०६३ | १११८१ | ९६८९ | ४०१८४ | ३७७७५ | ३२३४ | १०२०६३ | ७६७९ | ४९९५ | ८७५०३ | १८२ | १७०४ | ११८२ | ६ |
| ३० | नित्यनाथ | ११३१८९ | १२२५८ | १२८१३ | | ७९०९२ | ९०२६ | ११३१८९ | १३४२ | १७५८७ | ९२४७३ | २१० | १५७६ | १०९५ | ५ |
| ३१ | स्वर्णद्धार | २७८१०६ | २०५९० | २८२३५ | | २२२५४० | ६७४१ | २७८१०६ | ३४६२० | ५९८ | २४२१८९ | ५३ | ६४६ | ८८३ | ४ |
| ३२ | लक्ष्मी | ८७०२०५ | ८५७७५ | ३८८५० | | ७१२१५७ | ३३४२३ | ८७०२०५ | १२३५३७ | ६५५६ | ६९६०९४ | २८०८१ | १५९३७ | १९३० | ९ |
| ३३ | गूरु गणेश | ९२३०७ | १२२३४ | ७०२० | ३००० | ६७५८२ | २४७१ | ९२३०७ | १३१०३ | ५३७२ | ७२३५९ | २१५ | १२५९ | १०३९ | ५ |
| ३४ | सप्ततारा | ६६७३४ | ७५४३ | ६२७१ | | ५०९२१ | १९९९ | ६६७३४ | ३२८८ | १४९७९ | ४६२२२ | २०५ | २०४० | १४७४ | ५ |
| ३५ | भाषा सेवी माजसु | २९७७७९ | २०९७१ | ३०५२९ | १५८१३ | २०४९८५ | २५४८१ | २९७७७९ | ३६००४ | १४१९ | २३८१२८ | ३१६२ | १९०६६ | २५२० | १० |
| ३६ | पल्पसा | ४०२५२ | ५८०१ | ५२८४ | | २८१२४ | १०४३ | ४०२५२ | १६६६ | ५२३९ | ३२४०९ | १८३ | ७५४ | ५९९ | ३ |
| ३७ | चोछे छुमा गणेश | २०८२४४ | १६८५९ | १४९८५ | | १५६८७१ | १९५२८ | २०८२४४ | २३२६६ | ७२९२ | १७२००७ | ४५५२ | ११२७ | १७६० | ५ |
| ३८ | इन्द्रायणी | २८३४७८ | २८१८० | ३९२४७ | १०००० | २०३६७५ | २३७६ | २८३४७८ | २७०२२ | १०२९७ | २२९७४४ | १२६१२ | ३८०३ | १८२० | ५ |
| ३९ | उत्तराद्रधजीवन | २९३६२ | २९२३ | १२७० | २५०० | २२३१५ | ३५५ | २९३६२ | ७६२ | १०६८८ | १६३२२ | ४४ | १५४७ | ३४४ | २ |
| ४० | श्वेत भैरव | २००३४० | २१९५२ | २७४४६ | १०००० | १३५०६९ | ५८७३ | २००३४० | २१६८२ | २०७ | १७१४०७ | ३३० | ६७१४ | १५०८ | ५ |
| ४१ | हित | ११३१९१ | १४१६६ | २९६६ | ६००० | ८४७९८ | ५२६० | ११३१९१ | १४२०१ | ३६२ | ८७६५९ | ९४९८ | १४७१ | १५१२ | ६ |
| ४२ | समय | ३०४५४६ | २७२५१ | ८६२४ | ५१४०३ | १९०५११ | २६७५९ | ३०४५४६ | ८७३८८ | ८१५ | १९८०७७ | ११०३० | ७२३६ | १९७३ | ७ |
| ४३ | उदय | ३९५९६७ | २९२८७ | ४५७५६ | | २७५६४२ | ४५२८१ | ३९५९६७ | २६६८० | २३११४ | ३१४९२४ | १५५९० | १५६५८ | २२३७ | ९ |
| ४४ | संचित | ६७२३५४ | २६०२३ | ४०६५४ | ७४३०० | ४६७१३० | ६४२४७ | ६७२३५४ | ५८१६० | १११५ | ५३३६६७ | २९५१९ | ४९८९४ | २९१८ | १५ |
| ४५ | जय भिमसेन | ७१५३२ | ६९४७ | २६१६ | | ५९०२७ | २९४१ | ७१५३२ | ४६५८ | १३१२१ | ५२५४९ | २२७ | ९७७ | ७०० | ४ |
| ४६ | श्री छुमा गणेश | ९११६० | ९१५० | ९५९५ | | ६८५२५ | ३८९० | ९११६० | १६८७६ | २३१ | ७२९९५ | १५० | ९०८ | ९७५ | ५ |
| ४७ | विश्वकर्मा ◌ | ६३१२० | ७२३७ | ३२८७ | ६००० | ४५०६३ | १५३३ | ६३१२० | ६९७१ | ३८१९ | ५१८७३ | २६१ | १९४ | ५२३ | ६ |
| ४८ | समझदारी | ५८६२० | ६४९५ | ४१३५ | २८०० | ४४३५१ | ८३९ | ५८६२० | ११०७६ | २४७ | ४६८८० | १६४ | २५३ | ७५४ | ४ |
| ४९ | जय सन्तोषी माँ | २८२४८४ | १०८५६ | १३२१३ | | २४५६५४ | १२७६१ | २८२४८४ | ५२३३२ | ४४७४६ | १७९५६३ | ३१४५ | २६९८ | २४८० | १४ |
| ५० | भक्तपुर उद्यमी | ४२४३१८ | ३०६०७ | २१९१६ | | ३५२७९५ | १९००० | ४२४३१८ | ५०३७२ | १६८ | ३७०७०६ | १४०४ | १६६८ | ८७३ | ५ |
| ५१ | त्रिनेत्र | २६९४२८ | २४४०४ | ३१७३३ | २४६६० | १८०२७७ | ८३५४ | २६९४२८ | २८०४३ | ६१९ | २३२०३१ | ३९६ | ८३३९ | ५१७ | ६ |
| ५२ | चाखः | १०८२८० | ७७७८ | ८३६९ | | ८८९६३ | ३१७१ | १०८२८० | १७८७२ | ५१० | ८२७९८ | ६७०७ | ३९३ | ४०१ | २ |
| ५३ | बालाखु गणेश | ३०५५९९ | २५५०० | ३३९३३ | ८९१३ | २२६४८६ | १०७६७ | ३०५५९९ | ४७०६६ | १९१४१ | २३२५८७ | ६३५ | ६१७० | २३०१ | ८ |
| ५४ | भक्तपुर पर्यटन | १३७९२६५ | ७८९३१ | ७१२२६ | १३०७८८ | ९६८४०६ | १२९९१४ | १३७९२६५ | ११२८२२ | २४३१ | १२०३६०७ | ५३४८२ | ६९२३ | २६१४ | १६ |
| ५५ | पुजा | ९१७७३ | ६२५५ | ६७७३ | | ७१४०२ | ७३४३ | ९१७७३ | १५८२३ | ८२३ | ६८४९३ | १०३९ | ५५९४ | ११०९ | ४ |
| ५६ | प्रारम्भ | ४९०९६ | ३५३० | ८९० | | ४१७२७ | २९४९ | ४९०९६ | ७७५८ | १३४ | ४०११५ | १५७ | ९३२ | ४११ | ४ |
| ५७ | सम्पदा | ३१५९० | २००२ | १९५३ | | २६६८० | ९५५ | ३१५९० | १०००५ | १५६६ | १९४८८ | ४६ | ४८४ | ३२९ | २ |
| ५८ | अर्पण | ३२४७३ | २४९८ | १०५ | ६५२४ | २२२५७ | १०८९ | ३२४७३ | ९१४ | १९८ | २५५६८ | ११९ | ५६७३ | १२८९ | ७ |
| ५९ | स्वर्णिम | १६९५५ | ३१९२ | ४०९ | | ११६०२ | १७५३ | १६९५५ | १५४७ | १९० | १३३४६ | १४५ | १७२७ | ३२५ | ३ |
| ६० | कल्याण | ४२१०५ | ५८६८ | १८४९ | २२०० | २५८३४ | ६३५४ | ४२१०५ | ७७५ | १९८४ | ३३२८५ | २६३ | ५७९९ | ८८८ | ५ |
| ६१ | लायकु लुँध्वाका | १७८७८३ | ८८३९ | ७१९३ | | १४५५६१ | १७१९० | १७८७८३ | २२५०६ | ५०१ | १४३४५९ | १८६१ | १०४५६ | १७०६ | ९ |
| ६२ | सुकुन्दा | १६३९३० | १४३६७ | ५५७८ | | १३४१२० | ९८६५ | १६३९३० | ३७६६६ | ६६६८ | ११२७६३ | ४३८८ | २४४६ | १३०६ | ७ |
| ६३ | हाम्रो अरनिको | १८६५७ | १८३१ | ३२२ | | १०७६३ | ५७४२ | १८६५७ | १९७२ | ८७ | १०६२५ | १२२ | ५८५२ | ६८३ | ३ |
| ६४ | उच्च महिला | १४२१६ | २५०१ | ५३६ | | ९५७८ | १६०० | १४२१६ | १२६९ | १५३ | १२३१० | ५७ | ४२६ | ४०७ | २ |
| ६५ | जनस्मृति | ६२३४३ | ८४०१ | १४१० | | ५१३१० | १२२१ | ६२३४३ | ५६८७ | ८० | ५४३०४ | ४०१ | १८७२ | ११८८ | ७ |
| ६६ | शरद | ४३९६० | ७८०३ | २२१० | | १८८१६ | १५१३२ | ४३९६० | ३६०४ | १२७ | ३८७३६ | १२२ | १३७१ | ६७४ | ५ |
| ६७ | कमलविनायक | ८६६०८ | ७३२० | ५४२२ | | ६७२७५ | ६५९२ | ८६६०८ | १२३६३ | २५७ | ६८८६५ | २८१ | ४८४२ | १०३५ | ८ |
| ६८ | नःपुखु | ३०५१६० | ३२०९० | १४४१५ | | २४८०८५ | १०५७० | ३०५१६० | २८१९४ | ९५ | २७५२३१ | १८३ | १४५८ | ५९३ | ४ |
| ६९ | शुभदीप | १९७५२ | २१५० | २२२० | | १५२९४ | ८८ | १९७५२ | २९०९ | ३७० | १६३१९ | १२१ | ३३ | ४०४ | २ |
| ७० | सुविधा | ३९८२३ | ४१८६ | ३४६५ | | २९५८८ | २५८४ | ३९८२३ | ६७०१ | ५४३८ | २६७२७ | ५३ | ९०३ | ६९३ | ५ |
| ७१ | धनञ्जय | ९३५६९ | १५५२० | २५२८ | ५०० | ७२८९९ | २१२३ | ९३५६९ | १३१५० | ८८ | ७९८६३ | ३२२ | १४६ | ३५५ | ७ |
| ७२ | ओभयान | २०२९२० | १०६८१ | ४२०५ | २२८९ | १७९४६९ | ६२७६ | २०२९२० | २०५०१ | ६१ | १७९७५९ | ७६१ | १८३८ | १४८७ | ५ |
| ७३ | केदारनाथ | ३७१८८८ | ३१५१८ | १९६४२ | | २७९७०४ | ४१०२३ | ३७१८८८ | ७४८९७ | २४५ | २८०२१९ | ९५८ | १५५६९ | २६८८ | ११ |
| ७४ | सगुन | ४१२४९ | ४१५६ | १२९६ | १२२४९ | २१८९० | १६५७ | ४१२४९ | २९१० | ९४ | ३८०८७ | ११० | ४८ | ३१७ | २ |
| ७५ | याकती अजिमा | ३३७३२ | ४५४९ | २०१२ | | २६३०४ | ८६७ | ३३७३२ | ५४०० | २०७ | २७७०५ | १४२ | २७८ | ४९६ | ३ |
| ७६ | आरती | ७४८१ | १०२९ | २९१ | | ६१२५ | ३६ | ७४८१ | ३२३ | ३५६२ | ३४९२ | २६ | ७९ | २२१ | २ |
| ७७ | ईताछें विनायक | ५३७४९ | ७०११ | १२३३ | १२६०० | ३१४९४ | १४११ | ५३७४९ | ६७५४ | २०७२ | ४४१६३ | ५११ | २५० | १०२९ | ६ |

# संघमा प्राप्त सदस्य संस्थाहरूको आ.व. २०७८/७९ असार मसान्तसम्मको स्थिति

# विवरण र सदस्य तथा कर्मचारी विवरण

(रू. हजारमा)

| क्र.स. | संस्थाका नाम | कूल पुजी/ दायित्व | शेयर पुँजी | जगेडा/ कोष | बाह्य ऋण | कूल बचत | भुक्तानी दिनुपर्ने | कूल सम्पत्ति | नगद/ बैक | शेयर/अन्य लगानी | ऋण लगानी | स्थिर सम्पत्ती | पाउनुपर्ने हिसाव | सदस्य संख्या | कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७८ | श्रद्धा | २३११०० | १६५१६ | ३७९७ | २०५०० | १७११५० | ११९३७ | २३११०० | २६८५१ | ६४ | १९७३१५ | ६८० | ६१९० | २१९३ | १० |
| ७९ | श्रृजना | १७५०९० | २१०७७ | १८८७२ | | १३३३११ | १८३० | १७५०९० | २३८०३ | १४७ | १४९७५८ | १६९ | १२१३ | १९८० | ८ |
| ८० | नवदुर्गा | ४१५३८ | ३१६१ | ११८४ | १०२३१ | २५९३० | १०३२ | ४१५३८ | ९६३२ | १०१३ | ३००७२ | १८७ | ६३४ | ३८१ | ५ |
| | **जम्मा** | २०८३५६५७ | १६४३९४० | १४७७६२५ | ८३१४७३ | १५७८००४५ | ११०२५७४ | २०८३५६५७ | २३३०१३९ | १७७९८७ | १६६००८१० | ४८९६२१ | ४३७०११ | १२५९७७ | ५२९ |
| | चाँगुनारायणा नगरपालिका | | | | | | | | | | | | | | |
| १ | युवा | ८४९४०१ | ५३९४३ | ५६९१९ | २५० | ७२५८३६ | १२४५३ | ८४९४०१ | १३५८२५ | ७२८९६ | ६३७८६४ | २७१३ | १०३ | ४७५७ | १५ |
| २ | नीलाछाप प्रगतिशिल महिला | ८३४६६ | ८०५५ | ४९६९ | | ६८६०५ | १८३७ | ८३४६६ | १०४२९ | | ६८७८१ | १५६७ | २६८८ | १७६३ | ५ |
| ३ | सयपत्री | १९२८२८ | १३८५६ | ३४००१ | ५००० | १३९०८० | ८९० | १९२८२८ | २१०९७ | ७०३ | १५८८५७ | १०८८२ | १२८९ | ८६९ | २ |
| ४ | देवी महिला | ४७४७६ | ३६३७ | ५६०२ | २२३५ | ३५५५४ | ४४७ | ४७४७६ | ५१९० | ६१६ | ४०५६१ | ७४ | १०३४ | ५२३ | १ |
| ५ | शुभलाभ | १३०७२६ | १३०८७ | १३०२६ | | १०१८४२ | २७७१ | १३०७२६ | २०२१३ | ८३१० | ९१९२६ | ८१४३ | २१३४ | १३५७ | ४ |
| ६ | सहयात्री | १०९११४ | १८९१० | ९८३७ | ५००० | ७१९७० | ३३९७ | १०९११४ | १६७८६ | ३०८ | ९१६१८ | २९६ | १०६ | १२२५ | ५ |
| ७ | ताथली | ८७४८२ | ७०५२ | ५९३९ | | ७४२५७ | २३३ | ८७४८२ | १५६०२ | ४३४ | ६९७८४ | ५८६ | १०७५ | ११६३ | ६ |
| ८ | झझल्को | २६५०६८ | २०४७० | ३०८९४ | ३७५० | २०७२९३ | २६६० | २६५०६८ | २२७१० | ४६८ | १९९७०३ | १२७६७ | २९४१९ | २९७६ | १० |
| ९ | नौलो | ४३८७३ | ४४१० | ५०० | ४००० | ३४८०४ | १५९ | ४३८७३ | ५०४० | ७२८ | ३३५४२ | ३८७० | ६९३ | ७६७ | २ |
| १० | अग्रज महिला | १२३६८७ | १२०७५ | ३९५९ | १६५५६ | ८८४४३ | २६५३ | १२३६८७ | १००२८ | ७००५ | ९३४६१ | १२९२१ | २७२ | २२२५ | ७ |
| ११ | मनोहरा | १६७४०३ | १५५८५ | १०९०६ | | १४०५०५ | ४०६ | १६७४०३ | १५१७१ | १४२ | १३३३५० | १३१९५ | ५५४५ | ६९४ | २ |
| १२ | छिन्नमस्ता महिला | १८०१७१ | १४६६२ | १४८४३ | | १४१११९ | ९५४६ | १८०१७१ | ३१२६९ | १२१०९ | १३१६५३ | १९६५ | ३१७४ | १३३२ | ९ |
| १३ | छालिङ्ग | ३९३२५ | ४३९७ | ११७९ | | ३३५५८ | १९१ | ३९३२५ | ३७७ | ९००६ | २९५०० | ६६ | ३७५ | ५५१ | २ |
| १४ | मुहान गणेश | ६९९७१ | ७६४० | ८८३ | १२८०३ | ४७५८४ | १०६० | ६९९७१ | ५९७४ | २९८ | ५७३५४ | २०२ | ६१४३ | १३१६ | ६ |
| १५ | विन्ध्यवासिनी | ७९७६० | १५६१२ | ८८०६ | ५००० | ४८४५१ | १८९१ | ७९७६० | ३९०८ | २७१९ | ६९३३१ | १३३१ | २४७१ | ९९० | ४ |
| १६ | देवीस्थानजागृतिमहिला | ३७९८१ | ३०७८ | ३३७४ | ३७०० | २७६७६ | १५३ | ३७९८१ | २०९८ | ९४ | ३५५६१ | १२४ | १०४ | ९५४ | ३ |
| | जम्मा | २५०७७३० | २१६४७० | २०५६३८ | ५८२९५ | १९८६५७९ | ४०७४८ | २५०७७३० | ३२१७१९ | ११५८३५ | १९४२८४७ | ७०७०२ | ५६६२६ | २३४६२ | ८३ |
| | सुर्यविनायक नगरपालिका | | | | | | | | | | | | | | |
| १ | शुभकामना | १२७१९०६ | १०४८९१ | १५८३८६ | | ९३२८७० | ७५७५८ | १२७१९०६ | १४०२८६ | ७३०६४ | ९८२८४० | ४००७२ | ३५६४४ | ८८२५ | २३ |
| २ | नवज्योति | ६७९७९ | १०२२३ | ७०४३ | | ४८०९० | २६२३ | ६७९७९ | ५६२ | ४८४ | ४५८०३ | ९१२३ | १२००७ | ७१७ | ३ |
| ३ | चमेलीकल्याणकारी | ७२९७१६ | ५२४२२ | १०१८७३ | १४००० | ५५७३५१ | ४०७१ | ७२९७१६ | ११४७१७ | २२२२९ | ५७८६६६ | १०५१८ | ३५८७ | ४२७७ | ११ |
| ४ | शुभेच्छा | ८४५२४ | ९०१२ | ११४३८ | २२९२ | ५९९५६ | १८२६ | ८४५२४ | ९२०३ | ८८४ | ७०६२७ | ३२७४ | ५३५ | १४३८ | ५ |
| ५ | श्रमिक | १९६६६९ | १८१४० | १७७५० | | १५४९२१ | ५८५७ | १९६६६९ | २८१५२ | ६०६ | १४४९०१ | २१८१४ | ११९५ | २३३१ | १ |
| ६ | समाजसुधार | २९६२८ | ३२९० | ३६९३ | | २१८४१ | ८०५ | २९६२८ | ६७४९ | ५२१० | १६७८१ | १०१ | ७८७ | ६९५ | ३ |
| ७ | महिला अभियान | १२०८२८ | ९९८१ | १००३८ | | ९७६१७ | ३१९२ | १२०८२८ | २४७३८ | ४६६३ | ८६५१९ | ४५१ | ४४५६ | १२५१ | ७ |
| ८ | सिमल | ३३४२३६ | २८६७० | २३५१८ | ८१२ | २६६११७ | १५११९ | ३३४२३६ | ५०११७ | १८९४३ | २३५९४० | २२५७५ | ६६६१ | २१४८ | ७ |
| ९ | सुवर्णपुर | १४६१२७ | १३३९९ | ७७९० | ३६६७ | ११६८६७ | ४४०४ | १४६१२७ | ५४११ | १३२५३ | १२१३७६ | १३१९ | ४७६९ | १७८६ | ६ |
| १० | नन्दीकेश्वर | ९०९६१ | ७६७५ | ३७५४ | १५००० | ६४१०८ | ४२४ | ९०९६१ | १५३११ | ५३९ | ७४४७४ | २८१ | ३५६ | १०१० | ३ |
| ११ | नंखेल | ११५४२ | १६१२ | ४१० | | ८९२३ | ५९७ | ११५४२ | ६०४७ | ४०८ | ४६४४ | २० | ४२३ | २४४ | २ |
| १२ | सर्वश्री | १३४१०४ | १८२७५ | ४४४६ | | १०९१८७ | २१९७ | १३४१०४ | १४००० | २४० | १०८०४७ | ३७६५ | ८०५२ | २१५५ | ८ |
| १३ | भक्तपुर घरेलु | ७०५६४ | ६५७७ | २१४५ | १६११७ | ४३९८५ | १७४० | ७०५६४ | ५२९२ | २५२ | ६३७५८ | १२२ | ११४० | ६५८ | ५ |
| १४ | दक्षिण बाराही महिला | ९११६८ | १३०४५ | ११४६९ | ५७०८ | ६४४३३ | ४५१३ | ९११६८ | ९९३८ | १२२१ | ८७४७७ | १५५ | ३७७ | ११२३ | ४ |
| १५ | मैत्रीय | ४१३४८५ | ३०७२१ | ३८४२६ | १५००० | ३१३७४३ | १५५९५ | ४१३४८५ | ५६१४५ | २५९०७ | ३१४५५४ | १४६१३ | २२६६ | १४२५ | १० |
| १६ | जनता | २८९४६० | ३११८१ | १८९७३ | ५००० | २२४९७९ | ९३२७ | २८९४६० | ३६४१६ | १२१९ | २३३०१३ | ८४८७ | १०३२५ | ३१०१ | ८ |
| १७ | खल्पीटार | १०४१५२ | १५३३८ | ६९७० | १०००० | ६९००८ | २८३५ | १०४१५२ | ९३७८ | २६७ | ७०९४४ | १९८६३ | ३७०० | १५२९ | ८ |
| १८ | तौडोलछाप | ९३९२२ | ८६९० | ४७४९ | २७९०० | ५२३०९ | २७४ | ९३९२२ | ५३३३ | ८९२२ | ७९०१६ | ५३८ | ११३ | २२०९ | ९ |
| १९ | चनमति | २९२२५ | ४०२६ | १५५९ | | २३००३ | ६३७ | २९२२५ | ५९१६ | ४१६ | २२७३३ | ४२ | ११८ | ७७४ | ३ |
| २० | त्रिवेणेश्वर सामुदायिक | ५७४५७ | ४४२५ | ७१८२ | | ४५३५२ | ४९८ | ५७४५७ | ७१५२ | ४६८ | ४१८८० | ७९५७ | | ६३१ | ३ |
| २१ | ॠद्धि सिद्धि | १४२०१८ | १५९५२ | ६३५८ | | ११४७८७ | ४९२१ | १४२०१८ | २१५२९ | ६१५२ | ९८०४७ | ३९५० | १२३४० | १६९० | ६ |
| २२ | नवल | ११३६९३ | ८३६१ | ७६६२ | | ९२३६९ | ५३०१ | ११३६९३ | २५७४६ | १०५३७ | ७३३१७ | २३० | ३८६२ | ७९० | ६ |
| २३ | नारायण | ५२५८५४ | ४०३३९ | २८३८२ | ४७००० | ३९८६७७ | ११४५६ | ५२५८५४ | ११४२२८ | ५९२ | ३९३४८४ | १०८१९ | ६७३१ | २२६२ | ९ |
| २४ | सिपाडोल | ४८६५२ | ८६१३ | ४३९८ | | ३५१५८ | ४८३ | ४८६५२ | १०२१६ | २२९ | ३५९५६ | २१२६ | १२४ | १३१० | ५ |
| २५ | हिमगिरी | ९१९१९ | ८७०६ | -२७९३ | | ८०१५८ | ५८४९ | ९१९१९ | १४३९० | | ७५६६३ | १६४२ | २२५ | ५०७ | २ |
| २६ | नृत्य गणेश | २४६४९ | १८८१ | -२९६० | | २१८९१ | ३८३७ | २४६४९ | ११८८ | ३६३२ | १५१५९ | ६९ | ४६०० | ६१० | २ |
| २७ | अनमोल | ११९९८५० | ३६८१३ | २६२६६ | | १०८१९७२ | ५४७९९ | ११९९८५० | ८४९९४ | | १०१७९३२ | ६१६८३ | ३५२४० | ५४३४ | १६ |
| २८ | हिन्चोक भैरव | ११७६३९ | १४८०२ | १०३६८ | | ८५९५६ | ६५१३ | ११७६३९ | १०८६७ | २५१ | १०३८०८ | २५५२ | १६३ | ९८८ | ४ |
| २९ | बंगलामुखी | १३७०६७७ | १४२१७० | ३९४२२ | | १०५७१०५ | १३१९८० | १३७०६७७ | ११६५४७ | १०१६४ | १२१०३८५ | २५२०६ | ८३७५ | ३३४७ | २० |
| ३० | पर्वत | ९४६२४ | २०१३३ | ६०७ | १८४६३ | ५४४१३ | १००९ | ९४६२४ | २१६३५ | | ६६९५१ | २७९८ | ३२३९ | २१५८ | १४ |
| ३१ | बालकोट | ६१५८१३ | ३१८३६ | ५६६६० | १४४०० | ५००६५४ | १२२६३ | ६१५८१३ | ५७८२१ | १४३७ | ५४०१८३ | १५४२४ | ९४८ | ३८१५ | १० |
| ३२ | श्री विनायक | १८९३२ | ४६२४ | १३६६ | | ११४४७ | १४९५ | १८९३२ | ३४२४ | ९६० | १३०९८ | ११३ | १३३६ | १६० | २ |
| ३३ | छहारी | ३६०१९४ | २६४८८ | १०७८८ | ३०००१ | २८७६७५ | ५२४३ | ३६०१९४ | ४९०४६ | १२८८ | २८९५४८ | १८३१९ | १९९३ | ४९२५ | ९ |
| ३४ | आपसी मेलमिलाप | १६५७७० | १२७१९ | १६३७० | | १३५८७७ | ८०५ | १६५७७० | ९५५५ | ८७ | १५५५०८ | ११४ | ५०६ | १५०६ | ७ |
| ३५ | चौतारी | ६४४४९ | ४६३७ | ६०२२ | १६३०० | ३४२९६ | ३१९४ | ६४४४९ | ४४३० | ४६० | ५८०३९ | २२७ | १२९४ | ५३८ | ४ |
| ३६ | घरपरिवार | ११५८५८ | १८२३६ | १२१४५ | ९६४७ | ६९४५६ | ६३७४ | ११५८५८ | ५९२७ | ११० | १००१०६ | ८३५२ | १३६२ | १३६६ | ५ |
| ३७ | गाम्चा | ३६८०५४ | ३४१२१ | १२१५८ | १३१८६४ | १८३२२७ | ६६८४ | ३६८०५४ | ३६५०७ | १०६६ | २४४२९१ | ८३९३४ | २२५५ | ३३३५ | ९ |
| ३८ | चमेरो | ३९३७८९ | २०८३९ | ११७९९ | ४५२७९ | २९९७३६ | १६१३६ | ३९३७८९ | ३९६६७ | ११२७० | ३१२०३९ | २९९१३ | ९०१ | २४४८ | ११ |
| ३९ | अमरज्योति | ३०७८३९ | २३००८ | २४३९५ | ८३१५३ | १६९०८६ | ८१९६ | ३०७८३९ | २५५०८ | १२९९ | २६९२७२ | १०३४१ | १४१८ | ३११० | ९ |
| ४० | भविष्य | ५९५६९ | ११२८० | ६०३२ | | ३९९९० | २२६८ | ५९५६९ | ५८१६ | १६८ | ५३३२८ | १४४ | ११३ | ७८८ | ९ |
| ४१ | पारिजात | ९८४१४७ | ११०५४२ | १०३३३३ | ४०००० | ६९४१२१ | ३६१५१ | ९८४१४७ | ९८८९२ | २४४८४ | ८२१३३४ | ३८७४२ | ६९५ | २६२४ | ७ |
| | **जम्मा** | ११५५९६४५ | ९८७६९० | ८२०३९३ | ५५१६०२ | ८७२२७११ | ४७७२४९ | ११५५९६४५ | १३०८७९५ | २५३३८४ | ९३३१४४४ | ४८१७९१ | १८४२३१ | ८२०३८ | २९५ |
| | मध्यपुर थिमि नगरपालिका | | | | | | | | | | | | | | |
| १ | उपकार | १०१७२१२ | ९१९४९ | ९८६११ | | ८०८६५१ | १८००० | १०१७२१२ | २०६४२५ | १७६०४५ | ६१६२४९ | ७८१४ | १०६७९ | ५७३३ | १० |
| २ | श्री अरनिको नमूना | १२१२७५१ | १८०९८६ | १६४९९९ | ११०००० | ८२४९४७ | ११८१९ | १२१२७५१ | १८०९७४ | ८२५७४ | ९५१०८७ | ७०५४१ | ७५७६ | ३२८९ | १५ |
| ३ | बालकुमारी | १९०२१२७ | १३५३३४ | ६६६३९ | | १६३६३५८ | ६४५९५ | १९०२१२७ | २४२९८८ | १५५९६४ | १३९८८१९ | ४३४५३ | ६१७०३ | ५४३० | १७ |
| ४ | नील बाराही | १७९४८५ | १५९३८ | २१०१५ | ५६०० | १२७४०८ | ९५२४ | १७९४८५ | ११३१७ | १२१७ | १४६६९३ | ४४५९ | १५७९९ | ९२२ | ३ |
| ५ | महालक्ष्मी | ६१६६५७ | ६७२९८ | १०५८११ | | ५०२५५८ | २०९९१ | ६१६६५७ | १५४७६२ | २०१७४ | ४९६४०३ | ५५६० | १९७५७ | १६५२ | ८ |
| ६ | सहयोगी | १००७८८ | ४७०८ | ७४५५ | १३६४६ | ७४८६५ | ११४ | १००७८८ | ७०९२ | ६७०४ | ८१३८२ | ५१३५ | ४७६ | ३११ | २ |
| ७ | शिक्षा विकास | ९८२२१ | ७१६२ | ५५७१ | | ८३३९२ | २०९५ | ९८२२१ | १७४२७ | १५७७३ | ६२११३ | २५२ | २६५५ | ४९३ | ३ |
| ८ | मध्यपुर | १४४७८३ | १५१२१ | ७५२६ | | ११३७२० | ८४१७ | १४४७८३ | १४२६९ | ५१९५ | ११९१३३ | ८९ | ६०९७ | ७३५ | २ |
| ९ | थिमि स्वावलम्बन | ६४०५३५ | ५३५७९ | ५८६३८ | | ५०२८८५ | २५४३४ | ६४०५३५ | १२९२१३ | ३२५४९ | ४६९१०९ | ५१८३ | ४४८० | २३४७ | ८ |
| १० | कोपिला | १३७२८७ | ५८०५ | ११७१० | | ११६०८९ | ३६८४ | १३७२८७ | २४०२३ | १७४१६ | ८०१३८ | १२९१३ | २७९८ | ५८२ | ४ |
| ११ | लोहकिल्थली माता | १९०६३४ | १७६३८ | १८६३० | | १५३३२० | १०४६ | १९०६३४ | ९१६४ | ५०८६३ | १२८१२९ | ६२७ | १८५१ | १२९९ | ६ |
| १२ | सुर्यमुखी | १३७७४ | २४९९ | ७१५ | | ८८१३ | १७४७ | १३७७४ | २०९ | ७९ | १०८३० | ७९ | २५७६ | २०९ | २ |

## संघमा प्राप्त सदस्य संस्थाहरूको आ.व. २०७८/७९ असार मसान्तसम्मको स्थिति विवरण र सदस्य तथा कर्मचारी विवरण (रू. हजारमा)

| क्र.स. | संस्थाका नाम | कूल पुजी/ दायित्व | शेयर पुँजी | जगेडा/ कोष | बाह्य ऋण | कूल बचत | भुक्तानी दिनपर्ने | कूल सम्पत्ति | नगद/ बैक | शेयर/अन्य लगानी | ऋण लगानी | स्थिर सम्पत्ती | पाउनुपर्ने हिसाव | सदस्य संख्या | कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | कौशल्टार महिला | २६८७३ | ४७२६ | २३०७ | | १८९८७ | ८५२ | २६८७३ | ६५२५ | १३२ | १९५८१ | १५२ | ४८३ | ४१७ | ३ |
| १४ | नमुना | ६१२३७ | ११३६० | ५६५६ | | ४२६३२ | १५८८ | ६१२३७ | ६०८९ | ४७३ | ५४१०७ | १०४ | ४६४ | ४२६.०० | २ |
| १५ | पाचौं गणेश | ८०७८९ | १०६९३ | १३०१२ | ७५०० | ४८९८० | ६०५ | ८०७८९ | ४१०३ | १४३२ | ६७४२५ | २५९ | ७५७१ | ७६८ | ४ |
| १६ | पवित्र हलेसीधाम | ३७९८१४ | ४९९३१ | १२९५७ | | २६९०८२ | ४७८४४ | ३७९८१४ | ३५८८२ | | ३२४७४५ | १८६५४ | ५३३ | १००६ | १० |
| १७ | पाञ्चायण महिला | ६८५०६ | ८२४६ | १२४५९ | | ४७६९८ | १०२ | ६८५०६ | १३२०६ | ९५४ | ५४२७५ | ६५ | ६ | ४६३ | ३ |
| १८ | थोपा | १७८१२१ | १५९६५ | १२७५१ | १०६३१ | १२८५३४ | १०२४० | १७८१२१ | २०६२६ | १२२ | १३८४६० | १०१७२ | ८७४२ | १४०७ | ६ |
| १९ | शंखधर | ५०२७६९ | ४३२०४ | ३३९१२ | | ४०५७८२ | १९८७२ | ५०२७६९ | ५१८१४ | १४९३ | ३५१०४५ | ९३६४० | ४७७८ | ३०९७ | ८ |
| २० | शुभश्री | ४१६९२५ | ४६७३२ | २९२७१ | | ३२७०९८ | १३८२४ | ४१६९२५ | १२७६५० | २२७७ | २४१९३२ | ७५७५ | ३७४९२ | २६५३ | ९ |
| २१ | संगिनी महिला | १३०६३७ | १०८९९ | ७९७३ | ८७८३ | ९९५४० | ३४४२ | १३०६३७ | १५९१९ | ११५७ | ११३२०१ | १६० | २०० | ७०० | ४ |
| २२ | कलश | ११८८५८ | १४४१७ | ६१७४ | | ९५६६७ | २५९९ | ११८८५८ | ७९५२ | १६९२५ | ९१६२५ | ३२६ | २०३० | ९२२ | ४ |
| २३ | एकता | ३८३३९७ | ४६२०३ | २५८६४ | १५००० | २८४५०३ | ११८२८ | ३८३३९७ | ५२०७६ | २४७ | ३१९८८१ | ९१८१ | २०१३ | १४९५ | ५ |
| २४ | विश्वास | २२८३०१ | २१५५१ | १६१२३ | | १७३४२३ | १७२०३ | २२८३०१ | २५६७७ | ४३९८७ | १५०४४५ | ६६४ | ७५२७ | २०८२ | ६ |
| २५ | बाबा | ४५०९७४ | ५३८९३ | ३५४९२ | ३९७९५ | ३०९४८५ | १२३०९ | ४५०९७४ | ६९६९९ | ८७७४ | ३३३२४३ | २६६५३ | १२६०५ | १४७८ | ७ |
| २६ | दिब्यश्वरी | २२८४५४ | २४३३७ | १७५४० | १३५०० | १६७४७८ | ५५९९ | २२८४५४ | ७२५२६ | १०१९ | १४४७४७ | ५२९ | ९६३३ | १९१६ | ७ |
| २७ | बजरंगबली | ३२०५०८ | २८३७५ | २४४९९ | | २५७९५९ | ९६७५ | ३२०५०८ | ५०५७३ | २७१० | २४८७१५ | १७८७३ | ६३६ | १३५२ | ७ |
| २८ | सिद्धार्थ | ३१४००२ | ३३५७१ | ७२४७ | | २६२६११ | १०५७३ | ३१४००२ | ३३९७९ | ४६५६७ | १८३१७७ | ४४३८६ | ५८९२ | १५९८ | ८ |
| २९ | निरपुर गणेश | ३२६७० | ३२७८ | ३८७ | १३०० | २७५०७ | १९७ | ३२६७० | ४८९५ | ११० | २५१८१ | २०० | २२८४ | ५३० | ४ |
| ३० | सिद्धेश्वर महिला | ५५८९० | ६९१० | ३००५ | | ४४८९४ | १०८१ | ५५८९० | ११८०१ | ३१६ | ४३१३२ | १७७ | ४६५ | ६२० | ४ |
| ३१ | नवआर्दश | १८०६८८ | १६६९७ | १०८८२ | | १४४१६३ | ८९४६ | १८०६८८ | २६०७३ | १०३२६ | १४१६५८ | ४७४ | २१५७ | १६१९ | ९ |
| ३२ | नारी एकता | २५९३ | ३४८ | ७८ | | २०९० | ७६ | २५९३ | १९४ | १६१ | २२२८ | ८ | २ | ११३ | १ |
| ३३ | थिबोदिन | २४६८८ | २०९१ | ६२८ | | २०२६७ | १७०२ | २४६८८ | २५२३ | ३८५५ | १६३६७ | ५२ | १८९१ | ३७९ | २ |
| ३४ | सिद्धिकाली | ११०१७६ | ८१९२ | ७२८६ | | ९३७३३ | ९६५ | ११०१७६ | १२७४१ | ११९ | ९५२४१ | २६९ | १८०६ | ५४६ | ४ |
| ३५ | जय श्री कृष्ण | ३५६६२ | ४२४० | १७६१ | | २६२६८ | ३३९४ | ३५६६२ | ५८२५ | ७१ | २९२३३ | १५५ | ३७९ | ४२० | २ |
| ३६ | कार्यविनायक | १६९२७४ | १५४४६ | ७९३५ | २५०० | १३४८६३ | ८५३० | १६९२७४ | १९११३ | ६३५८ | १४२७८१ | १७८ | ८४४ | १३२२ | ५ |
| ३७ | द्रव्य | २३४४४३ | २२१३६ | १४७७८ | १००० | १८८५८३ | ७९४७ | २३४४४३ | ४६६६८ | ६१ | १६०१६२ | २४८०६ | २७४६ | ९८९ | ६ |
| ३८ | दक्षिणकाली महिला | १०८०२३ | ११५७८ | १३१४६ | ८००० | ७३६०० | १६९९ | १०८०२३ | ८२२१ | १५८८ | ८२४०६ | १३२९२ | २५१६ | ९५० | ४ |
| ३९ | मध्यपुर थिमि | १९८२७३ | १४६४० | ५४५१ | ८०५६ | १६५३७५ | ४७५१ | १९८२७३ | २७१०६ | ४७९ | १६९७५० | ३१४ | ६२४ | १४२५ | ५ |
| ४० | सागबारी | १९५००१ | ३०५२३ | ५५६५ | ३४५०० | ११३८९२ | १०५२१ | १९५००१ | १२६५८ | १९८ | १६२६८४ | १५०४८ | ४४१३ | ६५१ | ५ |
| ४१ | ओस्ला | १९८३९० | २०१९७ | १३८५८ | | १६०१८३ | ४१५२ | १९८३९० | ६६४२५ | ७२० | १२९२८५ | ३६५ | १५९४ | १६८२ | ८ |
| ४२ | सुन्दर | ३०८८९ | ६२८१ | १५७१ | | २१३५९ | १६७८ | ३०८८९ | ६०३९ | ५७२५ | १६८७५ | २११ | २०३८ | ४८५ | ४ |
| ४३ | जनकल्याण | ५२५३५ | १४८०६ | ३७८१ | | ३३७३६ | २१२ | ५२५३५ | १३४९७ | २१९ | ३८४७९ | २२८ | ११३ | ६१५ | ५ |
| ४४ | विश्वविनायक | ८०३३४ | ७५०७ | १०६४३ | | ५९५७० | २६१४ | ८०३३४ | ११७३८ | ५१२४ | ६१७०९ | २६२ | १५०१ | ६६६ | ५ |
| ४५ | माछापुच्छ्रे | ७७३३० | ८०९४ | २३७० | | ६३४३३ | ३४३४ | ७७३३० | १२३०६ | ४७३ | ६३८२९ | २१५ | ५०७ | १००१ | ७ |
| ४६ | भिमसेन | ९२९७५ | ८५६३ | ५५७८ | | ७८३५६ | ४७८ | ९२९७५ | १९१६६ | ९५३ | ७२०१७ | ६०६ | २३४ | ७०० | ५ |
| ४७ | सप्तकौसिका | १३८०८४ | २०३९८ | ३१८५ | | १०८९१२ | ५५८९ | १३८०८४ | ३३८६८ | ७२ | ७२६६२ | ६३५० | २५१३२ | १७१७ | ७ |
| ४८ | चामुण्डा | १७२८७६ | १७८८६ | १७५३२ | | १२८७१२ | ८७४६ | १७२८७६ | ५६८०५ | १०९ | १०६४४३ | १२३ | ९३९६ | ९३२ | ५ |
| ४९ | हितकारी | १७७३४ | १५३४ | ५३१ | | १५४४३ | २२७ | १७७३४ | १४७० | ४००४ | ११९३४ | | ३२७ | २९८ | ३ |
| ५० | सजिलो | १६२०७७ | १६८०८ | ५२८७ | | १३३८४३ | ६१४० | १६२०७७ | १९१७२ | २९० | १३०३५६ | १८०९ | १०४५१ | १५४६ | ६ |
| ५१ | आर्जन | ७३९५७ | १६८४५ | ८४४७ | ५००० | ४३२५५ | ४१० | ७३९५७ | १३३२८ | ४११ | ५२६९२ | ७२८० | २४६ | ६८७ | ४ |
| ५२ | सःभ्या | ५१५९७ | ५८५७ | ११९ | | ४५४६० | १६१ | ५१५९७ | ८७४८ | ५१ | ४१६४८ | ४५७ | ६९३ | १५०० | ७ |
| ५३ | कल्पविक्ष | ५९२५१ | १२९१३ | -१०२८ | १६०४३ | २९४११ | १९१२ | ५९२५१ | ४०५१ | ५२२ | ४८२४९ | ३१८ | ६१११ | ४२४ | ३ |
| ५४ | शुभदिव्यश्वरी | ५९६६९ | ८०९२ | १७८१ | | ४८७५५ | १०४१ | ५९६६९ | ६१३५ | ६६६१ | ४६३१० | २१२ | ३५१ | ७९१ | ६ |
| ५५ | स्वनिग | १५०२४४ | २२३५२ | ४२९९ | | ११८९११ | ४६८२ | १५०२४४ | १९४०७ | ४० | १३००९० | ५०९ | १९८ | २०११ | ८ |
| ५६ | झरना | १२६६४१ | ११२८० | ४५०४ | | ९८५९४ | १२२६२ | १२६६४१ | १७९९१ | ११२ | १०२३०६ | ३०० | ५९३२ | ७११ | ४ |
| ५७ | परिवर्तन | ६४८९८ | १४७५३ | २९८८ | | ४५०८७ | २०७० | ६४८९८ | १००९९ | १२ | ५३६५३ | ६९ | १०६४ | ५८७ | ४ |
| ५८ | भुलांखेल | ३२७१३७ | २६३८९ | १३५९३ | | २८२२५६ | ४९०० | ३२७१३७ | ७३३७५ | ११ | २२९५२७ | २२३६५ | १८६० | १४०८ | ८ |
| | जम्मा | १३५८९२१७ | १३९८७५२ | १०००४९४ | ३००८५३ | १०८४२९७८ | ४४६१४० | १३५८९२१७ | २१६३५९८ | ७४९१७३ | ९८७५५७४ | ४८३१४७ | ३२४९२४ | ७२१०७ | ३२३ |
| | कुल जम्मा | ४८४९२२४९ | ४२४६८५२ | ३५०४१५० | १७४२२२३ | ३६९३२३१३ | २०६६७११ | ४८४९२२४९ | ६१२४२५१ | २०८९१८० | ३७७५०६७७ | १५२५२६१ | १००२८८० | ३०३५८४ | १२३० |

(सारांश : कूल सम्पति ४८ अर्ब ४९ करोड २२ लाख ४९ हजार, सदस्य संख्या: ३ लाख ३ हजार ५ सय ८४ जना, कर्मचारी संख्या: १ हजार २ तिस जना)

### ................साधारण सभा

अभियान र सरकार मिलेर मात्र सहकारीका समस्याहरु समाधान गर्न सक्ने विचार राख्नुभयो । सभाको मुख्य सत्रमा संघका सचिव जगनाथ प्रजापतिले संघको आ.व. २०७८।७९ को बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै १५ प्रतिशत लाभांश प्रस्ताव र संरक्षित पुँजी फिर्ता दिने प्रस्ताव पेश गर्नुभयो । संघका कोषाध्यक्ष कान्छा भक्त घजुले आ.व. २०७८।७९ को वित्तीय प्रगति प्रतिवेदन पेश गर्नुभयो । सभाबाट आ.व. २०७८।७९ मा १ अर्व ६९ करोड ४९ लाख ३६ हजारको वासलात र २ करोड ७० लाख ६९ हजारको नाफा सहितको लेखापरीक्षण प्रतिवेदन पारित गरियो । साथै आगामी आ.व.२०७९।८० मा संघको वासलात १ अर्व ८६ करोड ६१ लाख ५४ हजारको बजेट पारित गरेको छ ।संघका लेखा सुपरिवेक्षण समितिका संयोजक बालमुकुन्द उपाध्यायले आ.व.२०७८।७९ को लेखा सुपरिवेक्षण समितिको बार्षिक प्रतिबेदन पेश गर्नुभएको थियो ।

उक्त सभामा संरक्षित पुँजी फिर्ता कोष संघमा जम्मा गरेको बचत र संघबाट लिएको ऋणको आधारमा अधिकत्तम योगदान गर्ने बचतमा उपकार बचत तथा ऋण सहकारी संस्था लि., सिमल बचत तथा ऋण सहकारी संस्था लि. र सिद्धिगणेश बचत तथा ऋण सहकारी संस्था लि. र ऋणमा सचित बचत तथा ऋण सहकारी संस्था लि., बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि. र संगम बचत तथा ऋण सहकारी संस्था लि. गरी तीन/तीन वटा संस्थालाई संरक्षित पुँजी फिर्ता रकम सहित प्रशंसा पत्र वितरण गरियो । संघले उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७८ को कार्यविधि अनुसार संघमा आबद्ध सदस्य संस्थाहरुबाट जिल्ला स्तरीयमा भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि., नगरस्तरीयमा भक्तपुर नगरपालिकामा सामुहिक बचत तथा ऋण सहकारी संस्था लि., मध्यपुर थिमि नगरपालिकामा उपकार बचत तथा ऋण सहकारी संस्था लि., सूर्यविनायक नगरपालिकामा बंगलामुखी बचत तथा ऋण सहकारी संस्था लि. र चाँगुनारायण नगरपालिकामा युवा बचत तथा ऋण सहकारी संस्था लाई उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार, २०७८ ले पुरस्कृत गरेको थियो । सभामा संघमा आबद्ध २०२ वटा संस्थाहरुबाट १४० जना प्रतिनिधि, ९ जना अतिथि, ३२ जना पर्यवक्षक र ९ जना कर्मचारी गरी जम्मा १९० जनाको उपस्थिति रहेको थियो । सभाको संचालन संघका संचालक समिति सदस्य कृष्णश्वरी प्रजापतिले गर्नु भएको थियो ।

## सहकारीमा देखिएका समस्या तथा समाधान विषयक अन्तरक्रिया




२०७९ श्रावण २९, संघको आयोजनामा सहकारीमा देखिएका समस्या तथा सामाधान विषयक अन्तरक्रिया कार्यक्रम भक्तपुर बैंक्वेट, भक्तपुरमा सम्पन्न भयो । कार्यक्रमका प्रमुख अतिथि उप-रजिष्टार खिमानन्द आचार्यले तत्कालिन डिभिजन सहकारी कार्यालय खारेज भएपछि सहकारी अनुगमन कार्य कमजोर भएको स्विकार्दै सहकारीका समस्या समाधान पनि सहकारी संग रहेको बताउनुभयो । सहकारी ऐनका व्यवस्थाहरु कार्यान्वयन गर्ने क्रममा कर्जा सूचना केन्द्रको मस्यौदा माथि छलफल भइरहेको र कर्जा असुली न्यायधिकरणको कार्यविधि स्विकृतीको लागि मन्त्रालय पठाइसकेको बताउनुभयो । उहाँले सहकारीहरु बैंक हुन खोज्दा समस्या देखिएकोले सामुदायमा आधारित शब्दलाई मुल मर्ममा रहेर सहकारी संचालन गर्नुपर्ने बताउनुभयो ।

नेफस्कूनका पूर्व अध्यक्ष कैलाश भक्त प्रधानाङ्गले भक्तपुरमा अधिकांश सहकारी संस्थाहरु समुदायमा आधारित भएकोले राष्ट्रियस्तरमा देखिएको सहकारीको समस्या तुलनातमक रुपमा कम रहेको बताउनुभयो । चाँगुनारायण नगरपालिका सहकारी शाखा प्रमुख शर्मिला पोखरेलले सहकारी दर्ता तथा शिफारिस गर्ने कार्य बन्द रहेको बताउनुभयो । सूर्यविनायक नगरपालिका का सहकारी शाखा प्रमुख राजेन्द्र कुमार श्रेष्ठले सहकारीमा समस्याको मुल कुरा पत्ता लगाई समाधान गर्नुपर्ने विचार राख्नुभयो । उहाँले अनुगमनमा जोड दिनुपर्ने भएता पनि जनशक्ति अभावका कारण गर्न नसकिएको बताउनुभयो । भक्तपुर नगरपालिका वडा नं. २ का अध्यक्ष हरि प्रसाद वासुकलाले सहकारीलाई उत्पादनमुलक क्षेत्रमा जोड्नुपर्ने विचार राख्नुभयो । संघका अध्यक्ष कृष्ण गोविन्द लाखाजुले सहकारीमा देखापरेका समस्या तथा समाधान विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त अन्तरक्रिया कार्यक्रमबाट तपसिल १० बुदैं निश्कर्ष सहित सम्पन भयो ।

१ वित्तीय अनुशासनमा रहेका र समुदायमा आधारित सहकारी संस्थामा सानातिना संकटले असर गर्दैन, त्यस्ता संस्थाको विकास तथा प्रवर्द्धनमा टेवा पुऱ्याउने ।
२ सञ्चालकले बचत दुरुपयोग गरेको संस्थामा हाल संकट आएको हुँदा उक्त कुरा आमजनतालाई जानकारी गराउने ।
३ सदस्यहरुलाई सहकारीको निरन्तर शिक्षा प्रदान गर्ने ।
४ तरलता अभाव अवस्थामा संस्थाबाट घरजग्गा खरिद नगर्ने र क्षमता भन्दा ठूलो ऋण लगानी नगर्ने ।
५ सदस्य केन्द्रीत सेवा र व्यवसाय तथा कार्यक्रमहरु संचालन गर्ने ।
६ सहकारीबाट आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको सकारात्मक प्रभावका बारेमा प्रचार प्रसार गर्ने ।
७ वित्तीय अनुशासनका मापदण्डहरु पूर्णरुपमा पालना गरी कारोबार गर्ने ।
८ सदस्यहरुको बचत दुरुपयोग गर्ने संचालकहरुलाई कार्वाहीको माग गर्ने ।
९ सहकारी संस्थाहरुको समयमै साधारण सभा सम्पन्न गरी सदस्यलाई सुसूचित गर्नुपर्ने ।
१० सहकारीको पैसा सहकारीमा राखी अभियानलाई बलियो बनाउदै लाने ।

## अन्तरक्रिया कार्यत्रकम सम्पन्न

२०७९ माघ ७ गते, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को चारवटै नगर सहकारी समन्वय उपसमितिको आयोजनामा ''सहकारीमा देखा परेका समस्या र समाधान'' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । भक्तपुर नगरपालिकाको उपप्रमुख रजनी जोशीले सहकारी संस्थाले न्यून आय भएका सदस्यहरुलाई आर्थिक उत्थानमा टेवा पुग्ने र अन्तरक्रियाबाट समस्याको समाधान हुने विचार व्यक्त गर्दै भक्तपुर नगरपालिका शिक्षा, स्वास्थ्य इत्यादिमा मात्र नभई सहकारी क्षेत्रमा पनि नमूना सहकारी मोडेलको विकास गर्दै लाने बताउनुभयो ।




मध्यपुर थिमि नगरपालिकाको उपप्रमुख विजय कृष्ण श्रेष्ठले समुदायका सहकारीहरु स्थानीय व्यक्तिहरु मिलेर चलाएको संस्थाहरुमा समस्या नभएको बताउदै बेमानी गर्ने नियतले खोलेका सहकारी जसले सुनका सिका उपाहार लगायतका प्रलोभन दिई बचत संकलन गर्ने, बचत तथा ऋण लगानीको सामान्य अभिलेखीकरणसमेत नराख्ने सहकारीमा समस्या आएको बताउनुभयो । उहाँले सहकारीका समस्याहरुप्रति सहकारीकर्मीहरु विचलित नहुन अनुरोध गर्दै सहकारी सुरक्षित रहेको तर सचेत हुनुपर्ने विचार व्यक्त गर्नुभयो । सहकारीमा कर्जा सुचना केन्द्र, कालो सुचीको व्यवस्था, असुली न्यायधिकरणको गठन र स्थिरीकरण कोषको स्थापना लगाएतको काम नगरपालिकाले गर्ने विश्वास व्यक्त गर्नुभयो । सहकारी संस्थाले न्यून आय भएका सदस्यहरुलाई स्वरोजगार बनाउन महत्वपुर्ण भूमिका खेलेको बताउदैं उहाँले सदस्यले आफ्नो संस्थाको माया गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।



## ऋण परामर्श तालिम सम्पन्न




२०७९ पुष २२ गते, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को वित्तीय सेवा प्रवर्द्धन उपसमितिको आयोजनामा ऋण परामर्श तालिम सिद्धि गणेश तालिम हलमा सम्पन्न भयो । संघका कोषाध्यक्ष एवं उपसमितिका संयोजक कान्छा भक्त घजुले सहकारी संस्था नीति र विधिबाट संचालन हुनुपर्नेमा जोड दिँदै हाल तरलता अभाव हुनुमा अत्याधिक ऋण लगानी अनुत्पादक क्षेत्रमा भएका कारणले देखिएको बताउनुभयो । ऋण लगानीका आधारभूत सिद्धान्त नै पालना नगरी ऋण लगानी गर्नाले जोखिम बढने भएकोले ऋण लगानी पुर्व ऋण परामर्श गरेर मात्र ऋण लगानी गर्नुपर्ने बताउनुभयो ।

संघका व्यवस्थापक बालकृष्ण धोजुले बचत तथा ऋण सहकारीमा बचत संकलनको लागि बढी कर्मचारी व्यवस्थापन गर्ने तर त्यही बचत सुरक्षाको लागि ऋण लगानी तथा असुलीमा कर्मचारीको व्यवस्थापन कमजोर रहेको बताउनुभयो । उहाँले ऋणको प्रभावकारी असुलीबाट मात्र बचत सुरक्षित हुने भएकोले सहकारीले ऋण लगानी तथा असुली प्रक्रिया प्रभावकारी बनाउन ऋण परामर्शलाई ऋण नीतिमै समावेश गरी अनिवार्य अवलम्बन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उपसमितिका सदस्य राजकुमार लघुले तालिम समापनको क्रममा सिकेका कुरा संस्थामा व्यवहारिक प्रयोग गर्नुपर्ने बताउनुभयो । बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का प्रमुख कार्यकारी अधिकृत रामकृष्ण राय क्षेत्रीले तालिमको सहजिकरण गर्नुभएको थियो ।

संघमा आबद्ध संस्थाहरुमध्ये ३५ जनाको सहभागिता रहेको सो तालिममा सहभागी सरिता प्रजापति र राजकाजी प्रजापतिद्वयले तालिम निकै प्रभावकारी रहेको बताउँदै तालिमबाट ऋणी परामर्श, ऋण लगानी तथा असुली प्रक्रिया, ऋणको अनुगमन, ऋण असुली क्यालेन्डर, भाखा नाधेको ऋणी परामर्श लगायतका उपयोगी बिषयमा सिक्न पाएकोमा खुशी व्यक्त गर्नुभयो ।

## पर्ल्स अनुगमन प्रणाली तालिम सम्पन्न




२०७९ फाल्गुण ९ गते, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को वित्तीय सेवा प्रवर्द्धन उपसमितिको आयोजनामा पर्ल्स अनुगमन प्रणाली तालिम लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. को सभा हल, बाराहीस्थानमा सम्पन्न भयो । संघका कोषाध्यक्ष एंव उपसमितिका संयोजक कान्छा भक्त घजुले सहकारी संस्थाको वित्तीय स्वस्थता मापन गर्ने महत्वपूर्ण औजर पर्ल्स भएकोले यसको प्रयोगले संस्था वित्तीय दुर्घटना हुनबाट बच्ने विचार राख्नुभयो । हाल बचत तथा ऋण सहकारी संस्थामा समस्या देखिनुको कारण पर्ल्स अनुमन प्रणाली अबलम्बन नगर्दा संस्थामा वित्तीय संकट चुलिदै गएको बताउनुभयो । वित्तीय अनुशासन कायम गर्न बचत तथा ऋण सहकारी संस्थाले अनिवार्य पर्ल्स अनुगमन प्रणालीलाई अवलम्बन गर्नुपर्नेमा जोड दिनुभयो ।

संघका व्यवस्थापक एंव तालिमका सहजकर्ता बालकृष्ण धोंजुले बचत तथा ऋण सहकारी संस्थाले अनिवार्य अवलम्बन गर्नुपर्ने पर्ल्स अनुगमन प्रणाली संस्थाका संचालक, लेखा, कर्मचारी र सदस्यले समेत थाहा पाउनुपर्ने बिषय रहेको बताउनुभयो । यसले कुन सहकारी राम्रो छ भनी पहिचान हुने भएकोले सदस्यलाई आफ्नो बचतको सुरक्षाको लागि पनि पर्ल्स अनुगमन प्रणालीबारे थाहा पाउन जरुरी रहेको बताउनुभयो । उपसमितिका सदस्य राजकुमार लघुले तालिम समापन कार्यक्रममा धन्यवाद मन्तव्य राख्दै सिकेका कुरा संस्थामा व्यवहारिक प्रयोग गर्नुपर्ने बताउनुभयो । संस्थाको नियमित अनुगमन गरेर, समस्या देखिएको क्षेत्रमा तुरुन्त समाधान गरे मात्र पर्ल्स अनुगमन प्रणाली तालिमले सार्थकता पाउने बताउनुभयो ।

संघमा आबद्ध संस्थाहरुमध्ये १४ जनाको सहभागिता रहेको सो तालिममा सहभागीले संस्था संचालनका लागि पर्ल्स अनुगमन तालिम अति आवश्यक रहेको बताउँदै तालिमबाट संस्थाको सदस्य सुरक्षा, प्रभावकारी वित्तीय संरचना, सम्पत्तीको गुणस्तर, लागत र प्रतिफल, तरलता, बृद्धि विकास लगायतका उपयोगी बिषयमा सिक्न पाएकोमा खुशी व्यक्त गर्नुभयो । तालिमको समापन संघका उपसमितिका सदस्य राजाराम गोसाईले गर्नुभयो ।

**भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.**
**स्थिति विवरण पत्र**
**२०७९/११/३० गतेको**

(रु. हजारमा)

| दायित्व | रकम | सम्पत्ति | रकम |
|---|---|---|---|
| शेयर पूजी | ६४९१३ | नगद तथा बैंक | २१०२२४ |
| जगेडा अन्य कोष | ६७९२१ | वित्तिय लगानी | ५८२९२१ |
| निक्षेप | १४७९७६४ | ऋण लगानी | ७८४४४७ |
| अन्य दायित्व | ८७६ | स्थिर सम्पत्ति | १८३१३ |
| बचत (नाफा) | २६९२६ | पाउनु पर्ने हिसाब | ४४४९६ |
| जम्मा | १६४०४०० | जम्मा | १६४०४०० |



सम्पादन व्यवस्थापन: प्रकाशन उप-समिति, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. फोन: ६६१४३०५,६६१४६०५ थिमी सेवाकेन्द्र : ६६३०८६८ । Website: www.bhaktapurdcu.coop.np । मुद्रण: सन्राईज प्रिन्ट, सूर्यविनायक - ९८४१४१७०७०